# आर्थिक वर्ष ०८०/०८१ को तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम

## २०८१।०४।२७ गते

## १. पृष्ठभूमि

सार्वजनिक निकायले गर्ने काम कारबाहीका सम्बन्धमा सार्वजनिक पदाधिकारी, नागरिक तथा सरोकारवाला निकायहरूबीच हुने प्रत्यक्ष अन्तरक्रियालाई सार्वजनिक सुनुवाई भनिन्छ ।यो सार्वजनिक निकायले सुनाउने, सुन्ने र सुधार गर्ने क्रियाकलापको समष्टि हो।सरोकारवाला र सार्वजनिक पदाधिकारीहरूको उपस्थितिमा सार्वजनिक स्थलमा छलफल तथा प्रश्नोत्तरको माध्यमबाट सार्वजनिक सुनुवाई गरिन्छ । सार्वजनिक सुनुवाईलाई नागरिकहरुको सूचनाको हकको प्रवर्द्धन गर्ने माध्यमको रूपमा लिइन्छ भने सार्वजनिक निकायले पारदर्शिता प्रवद्धन गर्ने र सुशासनको मान्यतालाई आत्मसात् गर्ने औजारको रुपमा लिने गरेको पाइन्छ ।

ताराखोला गाउँपालिकाले आ.व. २०८०/८१ मा कार्यान्वयन गरेका नीति, कार्यक्रम तथा योजनाहरुको सम्बन्धमा नागरिक तथा सरोकारवालालाई जानकारी गराउनु भनेको सुशासन स्थापनाको एक अभिन्न अवयवको रुपमा रहेको कार्य सम्पन्न गर्नु हो। सार्वजनिक निकाय प्रति जनतामा रहेको गुनासो र अपेक्षाहरुलाई सार्वजनिक सुनुवाईको मार्फत सम्वोधन गरी नागरिकको गुनासो, सुझाव, सल्लाह, समस्यालाई सहजिकरण गरी सार्वजनिक प्रतिवद्धता जाहेर गरेर जिम्मेवार पदाधिकारी र निकायलाई जनताप्रति उत्तरदायी र जवाफदेही बनाउन ताराखोला गाउँपालिका सधै तत्पर रहेको व्यहोरा हजुरहरुमाझ प्रस्तुत गर्दछु।

ताराखोला गाउँपालिकाले आफुले गरेका गतिविधिहरु विभिन्न माध्यमबाट जनता समक्ष पुर्याउदै आएको छ । विगतका वर्षहरुमा पनि सार्वजनिक सुनुवाईको माध्यमबाट गाउँपालिकाको गतिविधिहरु र जनताबाट प्राप्त हुने गुनासाहरु सम्वोधन र प्रतिवद्धता व्यक्त गर्दै आएको छ। आगामी दिनहरुमा पनि पालिकाको तर्फबाट नागरिकको सूचनाको हक संरक्षण गर्ने विषय र सार्वजनिक निकायले पारदर्शिता प्रवद्धन गर्ने दायित्व पूरा गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दछौ ।

## २. सेवा प्रभावकारीतामा सार्वजनिक सुनुवाईको महत्व

क) सार्वजनिक प्रशासनमा जवाफदेहिता प्रवर्धन गर्न,

ख) सार्वजनिक पदाधिकारिको स्वच्छाचारीता नियन्त्रण गर्न,

ग) सेवा प्रदायकबाट प्रदान गरिने सेवा बारे जनगुनासो सुन्न र त्यसको यथोचित समाधान गर्न,

घ) शासन प्रक्रियामा सहभागिता र अपनत्व भाव अभिवृद्धि गर्न,

ङ) विगतका गल्ति कमजोरिहरुको समिक्षा गरि पुनः दोहोरिन नदिन,

विवेक रणपाल परियार

ताराखोला गाउँपालिकामा आ.व.२०८०/८१ मा भएको भौतिक तथा वित्तीय प्रगति यस प्रकार रहेको छ, जसमा उपस्थित आम नागरिहरुले सवाल जवाफ गर्न सक्नुहुनेछ ।

### ३. चालु आर्थिक वर्षको वित्तीय प्रगति

- कुल आय जम्मा रु.३८,२९,३१,१५५।- (सुत्रमा आधारित)
- वास्तविक आय जम्मा रु. ३२५१२६८०७.२१।-
- बजेट खर्च जम्मा रू. ३०,७१,१५,८७३.३७ (सुत्रमा आधारित)
- वित्तीय प्रगती (कुल बजेटको आधारमा);- ८०.७२%
- वित्तीय प्रगती (प्राप्त भएको बजेटको आधारमा);- ९५.१३%
- चालु खर्चः- ८९.९१%
- पुँजिगत खर्चः- ६४.०३%
- आन्तरिक आयः- रु. ६२,७९,९३०.१७।-

क) ५ वटै वडाबाट संकलन भएको राजश्व

| क्र.सं. | वडा कार्यालय | रकम रु. | कैफियत |
|---|---|---|---|
| २ | १ नं. वडा | ६,१७,०१२।- | |
| ३ | २ नं. वडा | ५,३४,२७०।- | |
| ४ | ३ नं. वडा | ७,६३,७१०।- | |
| ५ | ४ नं. वडा | ५,४२,९१२.०८।- | |
| ६ | ५ नं. वडा | ७,७६,६४४।- | |
| जम्मा राजश्व संकलन | | ३२,३४,५४८.०८।- | |

ख) गाउँपालिकामा संकलन भएको राजश्व (ढुंगा उद्योग कर, निकासी कर, बेरुजु संकलन, एम्बुलेन्स सेवा शुल्क, गाईघाट झरनामा शुल्क, व्यवसाय दर्ता शुल्क, स्वास्थ्य चौकीको ल्याब शुल्क, बोलपत्र बिक्रि दस्तुर, परिक्षा दस्तुर, कन्सुलर प्रमाणित, आदि)- रु. ३०,४५,३८२.०९।-

आ.व.२०८०/८१ मा क्षेत्रगत रुपमा वित्तीय विश्लेषण यस प्रकार रहेको छः-

- आर्थिक बिकासः- १,९९,५४,४९० (६४.७९%)
- सामाजिक बिकासः- १५,९४,१५,०२७ (८२.९३%)
- पुर्वाधार बिकासः- ६०,८९,७८१ (६२.१४%)

विबेक रणपाल परियार
प्रमुख प्रशासकीय अधिकृत

- सुशासन तथा अन्तर सम्बन्धितः- ९२,६८,९१४ (७३.८६%)
- कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चः- ५,२०,३२,५६६.६८ (८६.१४%)

## ४. जनशक्ति व्यवस्थापन

क) स्थायी सेवामाः- ३३ जना

ख) करार सेवामाः- ५५ जना

जम्माः- ८८ जना

## ५. भौतिक प्रगति विवरण

<u>योजना, प्राविधिक तथा अनुगमन शाखा (पुजिगत शीर्षक तर्फका सबै योजनाहरु)</u>

| कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन रु. | खर्च रु. |
|---|---|---|
| करिमेला नमुना पर्यटकीय गाउँ | १५,००,०००।- | १२,७२,५२७।- |
| सहकारी बिउ पुजि अनुदान | ४०,००,०००।- | ४०,००,०००।- |
| सिमथर खानेपानी निर्माण | २,००,०००।- | २,००,०००।- |
| खेलकुद प्रतियोगितामा सहकार्य | २,००,०००।- | १,४८,६८४।- |
| अध्यक्ष रोजगार कार्यक्रम | १०,००,०००।- | १०,००,०००।- |
| कालिलेक युवा क्लब खेल मैदान निर्माण | ३,००,०००।- | ३,००,०००।- |
| देउरालि खेलमैदान ईदि | ३,००,०००।- | ३,००,०००।- |
| झो.पु. निर्माण सामाग्रीहरु खरिद | ५०,००,०००।- | ५०,००,०००।- |
| पधेराखोला अस्तुरि मोटरबाटो निर्माण | ८,००,०००।- | ८,००,०००।- |
| ठुलेघाटी अर्सल मेहेले मोटर बाटो | ६०००००।- | ६०००००।- |
| बगर (सादि) साँगुबोट दोगाडि करिमेला सडक स्तरोन्नति | १,००,००,०००। | ९५,७१,५२७।- |
| कोट गोंरेटो बाटो घेराबार | २,००,०००।- | २,००,०००।- |
| खडकाबारि सिस्नेरि कुवाघुम्ति मोटरबाटो | ४,००,०००।- | ४,००,०००।- |
| तरिम हिस्लाङ्ग मोटर बाटो सोलिङ्ग | २,५५,०००।- | २,५५,०००।- |
| छेल्दर नाङ्गि जोडने मोटरबाटो | २,००,०००।- | २,००,०००।- |
| सिप ठुलोहिले पदमार्ग निर्माण | २,००,०००।- | २,००,०००।- |
| लालिगुरास सामुदायिक भवन | १२,००,०००।- | १२,००,०००।- |
| नागबेलिखोला सामुदायिक भवन | ६,००,०००।- | ६,००,०००।- |
| हरि मा.वि भवन | ५,००,०००।- | ५,००,०००।- |
| उरलथानघाट टहरा निर्माण | २,००,०००।- | २,००,०००।- |
| ताराखोला स्वास्थ्य चौकि प्रतिक्षालय निर्माण | २,००,०००।- | २,००,०००।- |



विबेक रणपाल परियार
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| प्रशासनिक भवन वडा नं.१ | १,०८,००,०००। | १,०२,८९,६४६। |
| ९ नं.टोल बिकास संस्था भवन | ९,००,०००।- | ९,००,०००।- |
| सुरक्षित मातृत्व महिला समुह भवन निर्माण वडा नं.५ | ५०,००,०००।- | ४९,९९,००४।- |
| जनप्रेम मा.वि भवन । | ३०,००,०००।- | २४,५०,४१०।- |
| डन्ठु सामुदायिक भवन | ५,००,०००।- | ५,००,०००।- |
| प्रशासनिक भवन ट्रस निर्माण । | २१,००,०००।- | २१,००,०००।- |
| त्रिशुली प्रा.भि भवन । | २,००,०००।- | १,६०,०००।- |
| खल्डाडा सामुदायिक भवन | ४,००,०००।- | ४,००,०००।- |
| ४ नं. वडा कार्यालय शौचालय तथा ट्रस निर्माण | १३,५०,०००।- | ८,५०,०००।- |
| हिल स्वास्थ्य चौकि मर्मत | ४,००,०००।- | ४,००,०००।- |
| विपद व्यवस्थापन कोष खर्च | १५,००,०००।- | १५,००,०००।- |
| ग्याबिन जाली व्यवस्थापन | ८,००,०००।- | ८,००,०००।- |
| सडक मर्मत तथा सरसफाइ | २५,००,०००।- | १५,९३,५००।- |
| चिरीपाने सिंचाई पाईप व्यवस्थापन | ५०,०००।- | ५०,०००।- |
| डाँडाखेत सिंचाई व्यवस्थापन | ५०,०००।- | ५०,०००।- |
| टोल विकास संस्था परिचालन | ४,००,०००।- | ८९,६७०।- |
| श्रम बैङक संचालन तथा व्यवस्थापन | ७१,००,०००।- | ६३,२४,३०२।- |
| ताराखोला किवी बगैचा व्यवस्थापन | ७,००,०००।- | ६,१६,३४२।- |
| कृषि उपज संकलन केन्द्र भवन वडा नं.१ | ६४,७०,०००।- | ६४,७०,०००।- |
| स्थानीय संचार तथा टि.भि च्यानल व्यवस्थापन | ५,००,०००।- | ५,००,०००।- |
| हरि मा.वि ग्याबिन कार्य | १,५०,०००।- | १,५०,०००।- |
| दोगड़ी घाट झो.पु, त्रिसुली घाट, मैना पकाउने घाट, निस्तीखोला, देभानखोला पुल निर्माणको समितिलाई भु. | ५०,००,०००।- | ५०,००,०००।- |
| नवीकरणीय ऊर्जा प्रवधि जडान | ८,००,०००।- | ७,२९,०००।- |
| खेलकुद पूर्वाधार निर्माण वडा नं. ५ | १३,००,०००।- | १३,००,०००।- |
| नमुना विद्यालय भवन निर्माण | १,००,००,००० | १,००,००,००० |
| जनता प्रा.वि. भवन निर्माण, ता.गा.पा.-३, हिल | ६५,००,०००।- | ६२,१०,८२८।- |
| घुस्मेलि भातखानेडाँडा सभाहल किकल्टा जोडने सडक | ५०,००,०००।- | ५०,००,०००।- |

ताराखोला गाउँपालिका
कार्यपालिकाको कार्यालय
अर्गल, बागलुङ
गण्डकी प्रदेश
२०७३

विबेक रणपाल परियार
प्रमुख प्रशासकीय अधिकृत

## कृषि, पशु तथा सहकारी विकास शाखा

| क्र.स. | कार्यक्रम | बजेट खर्च रु | उपलब्धीहरु |
|---|---|---|---|
| १ | पशुपन्छि औषधी व्यवस्थापन | ४९९८७० | ५ वटै वडाको भेटेरीनरी डिस्पेन्सरीबाट १६५१ जना कृषकले सेवा लिई २५३२० पशुपंक्षीको उपचार भएको । |
| २ | पशु बिमा अभिमुखिकरण कार्यक्रम | ९०००० | कृषकहरुमा बिमा बारे जनचेतना अभिबृद्धि गरिएको । |
| ३ | किवि बगैचा व्यवस्थापन वडा नं.३ | ६१६३४२ | १३५ वटा टि बार व्यवस्थापनको साथै किवि बगैचामा गोडमेल, मल तथा सिंचाई कार्य सम्पन्न गरिएको। |
| ४ | कृषि रोग तथा किरा नियन्त्रण | ३००००० | रोग नियन्त्रणको लागि कृषक समुहमा वितरण गरिएको । |
| ५ | किसान सुचिकरण कार्यक्रम तथ्याङ्क अध्यावधिक | २००००० | १७५१ किसानहरुको तथ्याङ्क सफ्टवेयरमा र प्रबिष्ट गरिएको तथ्याङ्क वडा समितिको समन्वयमा रुजु गरी किसान परिचयपत्र वितरण गर्ने तयारी रहेको । |
| ६ | आ.व.०७९/८० मा स्थापना भएका बाख्रा पकेट विकास कार्यक्रमको निरन्तरता | ७००००० | वडा नं. ३ कृषक समुह मार्फत ४ वटा बाख्रा फर्म निर्माण, ५५ वटा माउ बाख्रा थप, २ बोयर बोका वितरण, औषधि वितरण र सार्वजनिक सुनुवाई सम्पन्न भएको। |

## शिक्षा तथा खेलकुद शाखा

| क्र.स | कार्यक्रमको नाम | विनियोजित वजेट | चौमासिक खर्च | भौतिक लक्ष्य |
|---|---|---|---|---|
| १ | आधारभुत तहका स्वीकृत दरवन्दीका शिक्षक ,राहत अनुदान शिक्षकका लागि तलव भत्ता अनुदान | ६,३५,००,०००।- | ६,०८,४३,०१८ | २१ विद्यालय |
| २ | माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक ,राहत अनुदान शिक्षकका लागि तलव भत्ता अनुदान | २,०७,००,०००।- | १,८५,६२,८९६।- | ५ विद्यालय |



विबेक रणपाल परियार
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ३ | आधारभुत तह कक्षा ६-८ मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ४,५१,०००।- | ४,०८,६५६।- | १ विद्यालय |
| ४ | माध्यमिक तह कक्षा ९-१० मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | १७,०४,०००।- | १४,०९,६९८।- | २ विद्यालय |
| ५ | प्रारम्भिक वालविकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | ६८,२२,०००।- | ६३,६३,५००।- | २१ विद्यालय<br>२१ वालविकास केन्द्र |
| ६ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण तथा कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ४८,५०,०००।- | ४१,४९,५००।- | विद्यालय |
| ७ | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामाग्री तथा डिजिटल सिकाइ सामाग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान | १३,४७,०००।- | १२,२३,१५०।- | २१ विद्यालय<br>२१ वालविकास |
| ८ | सार्वजनिक विद्यालयका विद्यार्थीको लागि निःशुल्क पाठ्यपुस्तक अनुदान | १५,८८,०००।- | १४,३४,१९२। | २१ विद्यालय |
| ९ | नमुना विद्यालय भौतिक निर्माण | १,००,००,००० | ९९,३६,००० | नेपाल मा.वि. |
| १० | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता | १,००,०००।- | १,००,०००।- | १ |

विबेक रणपाल परियार
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ११ | सार्वजनिक विद्यालयका छात्राहरुलाई निःशुल्क स्यानिटरी प्याड व्यवस्थान निःशुल्क स्यानेटरी प्याड वितरण | ६,७८,०००।- | ६,७७,२३२।- | ९ विद्यालय |
| १२ | कोभिड १९ वाट भएको शैक्षिक क्षतिको परिपुरण तथा अन्य विपदको समयमा सिकाई निरन्तरताको लागि कार्यक्रम | ४,००,०००।- | ३,९२,५२२।- | २१ विद्यालय |
| १३ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीको लागि छात्रवृत्ति | ६,०७,०००।- | ५,८२,८००।- | २१ विद्यालय |
| १४ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | ३१,७३,०००।- | ३०,६८,१७३।- | २१ विद्यालय २१ वालविकास |
| १५ | शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | ७,३३,०००।- | ३,७२,४६०।- | विद्यालय शिक्षक |
| १६ | विद्यालय संचालन तथा व्यवस्थापन अनुदान | १४,४७,०००।- | १४,४०,०००। | विद्यालय वालविकास |

## स्वास्थ्य शाखा

१ आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिदः- रु.११,८७,०००।-

२ नागरिक आरोग्य केन्द्र औषधि व्यवस्थापनः- १,५०,०००।-

३ सुनौलो १००० दिनका आमाको लागि पोषिलो खानाः- ७४,२००।-

४ उपचार सहायतता कोष (मृगौला,क्यान्सर,मेरुदण्ड पक्षघात) शोधभर्नाः- रु.७,००,०००।—

५ पालिका स्तरमा स्वास्थ्य संस्थाहरुको मासिक बैठक, स्वास्थ्य कार्यक्रमहरुको डाटा भेरिफिकेशन एवं गुणस्तर सुधार साथै अर्धबार्षिक एवं बार्षिक समिक्षाः- रु.१,६४,९००।-

६ राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रमः- रु.६,६०,०००।—



विबेक रणपाल परियार

७ स्थानीय तहको साझेदारीमा कोभिड १९ विरुद्ध खोप अभियान तथा बुस्टर खोप समेत संचालनको पालिका/वडा बाट खोप केन्द्र स्तरमा सुपरिवेक्षण तथा दादुरा रुबेला खोप अभियान संचालन एवं ब्यबस्थापनको लागि पालिका तथा वडा खोप समितिको अभिमुखीकरण र योजना गोष्ठीः- रु.१,३०,०००

८ पोषण विशेष कार्यक्रमः- रु.१,५६,८००।—

९ स्थानिय तह मार्फत मातृ तथा नवशिशु कार्यक्रम सन्चालनः- रु.५,०४,९९५.००

१० प्रजनन् रुग्णता स्वास्थ्य सेवाः- रु.८५,०००।-

११ स्थानिय तह तर्फ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्तसंचार, न्यानो झोला, निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार कार्यक्रमः- रु.४,२४,८३५।-

१२ महामरी/आकास्मिक रोग नियन्त्रण कार्यक्रमः- रु.१,००,०००।-

१३ CBIMNCI कार्यक्रम (कार्यक्रम समिक्षा, स्थलगत अनुशिक्षण, समता तथा पहुच कार्यक्रम);- रु.२,४०,०००।-

<u>उपलब्धिहरुः-</u>

- दादुरा रुवेला खोप कार्यक्रमबाट ५६१ जना लाभान्वित हुनुभएको छ ।
- कोभिड 19 खोप कार्यक्रमबाट ७८६ जना लाभान्बित हुनुभएको छ ।
- राष्टिय खोप कार्यक्रम अन्तर्गत वडा खोप समन्वय समितिलाई अभिमुखिकरण साथै वडा घर धुरि सर्वेक्षण कार्य भएको छ ।
- स्वास्थ्य संस्था वाट सेवा प्राप्त गरेका सेवाग्राहि को संख्या १२३४७ जना रहेको छ । खोप सेवा ६३९, गाँउघर किल्निक १९१२, संस्थागत सुत्केरि सेवा ४५, गर्भवति सेवा पाएका ८४, परिवार नियोजन सेवा २३१, पाठेघरको मुखको क्यान्सर जाच गराएका १३८, जना
- परिवार योजना सेवा कार्यक्रम अन्तर्गत ६ वटा स्वास्थ्य संस्थाको लागी iucd राख्ने र झिक्ने सेट बितरण

## <u>महिला विकास तथा बालबालिका शाखा</u>

| क्र.सं | कार्यक्रम | बजेट खर्च रु. | उपलब्धी |
|---|---|---|---|
| १ | जनयद्ध दिवस र बाल दिवस | १,४९,८५० | १२ जना विद्यर्थीमा वक्तृत्वकला प्रतियोगिता आयोजना |
| २ | महिला हिंसा विरुद्धको १६ दिनेः अभियान | ,५०० | महिलाहरु आफ्नो हक अधिकार बारेमा जानकार |
| ३ | ज्येष्ठ नागरिक सम्मान | १,४९,८६० | प्रत्येक वडाका १२ जनालाई न्यानो कपडा वितरण |



विबेक रणपाल परियार
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ४ | नारी दिवस :- | २,००,००० | ६०० जनाको उपस्थिती |
| ५ | दलित शसक्तीकरण कार्यक्रम | १,३२,००० | ९ जना दलित परिवारलाई पेशामा सहयोगि सामाग्री प्रदान |
| ६ | बालमैत्री स्थानीय शासन घोषणा कार्यक्रम सम्बन्धी अधिमुखिकरण कार्यक्रम | ६१,००० | |
| ७ | महिला सशक्तीकरण कार्यक्रम प्रत्येक वडा कार्यालयमा १ दिने कानुनी भेतना सम्बन्धी कार्यक्रम | १,८२,००० | करिब ४०० जना सहभागी |
| ८ | अपाङ्गता लक्षित कार्यक्रम | १,०७,००० | अपाङ्गता भएका व्यक्तीको घर / घरमा स्वास्थ्य परिक्षण तथा |

<u>रोजगार सेवा केन्द्र</u>

| क.स | कार्यक्रम | बजेट खर्च | उपलब्धी |
|---|---|---|---|
| १ | प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन | ५२,८५,००० | ९९३ जना सुचिकृत बेरोजगार व्यक्तिले सबै वडामा २१ वटा योजना (पदमार्ग, मोटरबाटो सोलिङ्ग, ग्याबिन जालि लगाउने) सम्पन्न भएको । |
| २ | बेरोजगार व्यक्तिहरुको नविकरण तथा सूचिकरण कार्यक्रम | नियमित सेवा | ताराखोला गाउँपालिका भरि आ.व.२०८१/८२ का लागि योजना संचालनको लागि ९५८ जना नविकरण तथा सुचिकृत गरिएको । |
| ३ | श्रम स्वीकृत तथा पुनःस्वीकृत दिने कार्यमा सहजीकरण | नियमित सेवा | ताराखोला गाउँपालिकामा ४० जनालाई श्रम स्वीकृत तथा पुनःस्वीकृत दिने कार्यमा सहजीकरण गरिएको । |
| ४ | अध्यक्ष रोजगार कार्यक्रम | १५००००० | रोजगार कार्यक्रममा सहजिकरणको लागि ड्रेस तथा निर्माण सामाग्री तथा यन्त्रिकरण व्यवस्थापन । |

विबेक रणपाल परियार
प्रमुख प्रशासकीय अधिकृत

## न्यायिक समितिको कार्यसम्पादन

| क स | विवरण | आ व २०८०।८१ | कैफियत |
|---|---|---|---|
| १ | उजुरीको संख्या | ६ | |
| २ | महिला विरुद्ध हुने घरेलु हिंसाको उजुरी | ३ | |
| ३ | कुटपिट | १ | |
| ४ | अन्य | २ | |
| ५ | फैसला/मेलमिलाप | ६ | |

- मेलमिलाप सम्बन्धी पुनर्ताजगी तालिम संचालन गरिएको छ ।
- वडा स्तरीय मेलमिलाप केन्द्र स्थापना गरी वडा स्तरको मेलमिलाप केन्द्रहरु परिचालन गरी विवाद समाधान गर्ने असल अभ्यासको सुरुवात गरिएको छ ।

## पञ्जिकरण सेवा ईकाई

| क.स | कार्यक्रम | बजेट खर्च रु. | उपलब्धी |
|---|---|---|---|
| १ | अनलाईन व्यक्तिगत घटना दर्ता सञ्चालन सहजीकरण | ० | घटना दर्ताका क्रममा वडा सचिवहरुलाई प्रणालीगत तथा नीतिगत विषयमा आएका समस्याहरुको एनिडेक्स, फोन र स्वंम फिल्मा गएर समाधान र सहजीकरण गर्ने गरिएको.। |
| २ | सामाजिक सुरक्षा कार्यक्रम | ४,३२,८६,७८४ | १५४१ जना सामाजिक सुरक्षामा आवद्ध |

## लघुउद्यम शाखा

| क.स | कार्यक्रम | बजेट खर्च रु | उपलब्धी |
|---|---|---|---|
| १ | गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम | १३००००० | गाउँपालिकामा ९ वटा समुहमा १०० जना उद्यमीहरुलाई ६ प्रकारका तालिम सहित आवश्यक प्रविधि हस्तान्तरण गरि उद्यम विकासको शुरुवात भएको । |

विबेक रणपाल परियार
प्रमुख प्रशासकीय अधिकृत

## ६. सेवा प्रवाहमा भएका असल अभ्यास तथा सुधारहरू

- आर्थिक विकासको लागि बहुउद्देश्यीय सहकारिसँग हातेमालो गरिएको छ।
- श्रम रोजगार बैङ्क स्थापनाको लागि ६० जना श्रमिक सुचिकृत भई श्रममा आबद्ध गर्ने कार्यको सुरुवात संगै ३६ जना श्रम सदस्यहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गरिएको छ ।
- गाउँपालिकामा स्वतः प्रकाशन कार्यको सुरुवात गरिएको छ ।
- बेरूजु फछर्योटलाई प्राथमिकतामा राखि काम गरिएको छ।
- ठेक्का व्यवस्थापनमा ई-बिडिङ्गको प्रयोग गरिएको छ ।
- निरन्तर अनुगमन तथा सुपरिवेक्षण, हरेक योजनामा अनुगमन रिपोर्ट तयार गरेर मात्र भुक्तानी गर्ने गरिएको छ ।
- ५ वटै वडामा पशु डिस्पेन्सरी सहितको उपचार सेवालाई सुधार गरिएको छ ।
- राजश्व प्रणालीलाई सुत्रमा आवद्ध गरिएको छ ।
- २७ शहिद परिवार, घाइते अपाङ्ग, बेपता व्यक्तिको परिवारलाई रू.३,२४,००० जीवन निर्वाह भत्ता वितरण गरिएको छ ।
- प्रत्येक वडाका १२ जना ज्येष्ठ नागरिलाई न्यानो कपडा वितरण गरिएको छ ।
- स्वास्थ्य संस्थाहरुको MSS मापनको कार्य गरिएको छ ।

**अन्त्यमा,**

यो प्रतिवेदन तयार पार्नका लागि यथार्थ विवरण उपलब्ध गराउँने शाखा प्रमुख र प्रतिवेदन तयारीमा सहयोग गर्ने प्रशासकीय अधिकृत धन्यवादको पात्र हुनुहुन्छ।

साथै राज्यका काम कारवाहि लोकतान्त्रिक पद्धति अनुरुप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेहि र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकुल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचनल गराउने सम्बन्धामा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, ताराखोला गाउँपालिकाको सार्वजनिक सुनुवाई कार्यविधि, २०७९ बमोजिम यो प्रतिवेदन सार्वजनिक गरेको निवेदन गर्न चाहन्छु ।

**धन्यवाद!!**

विबेक रणपाल परियार
प्रमुख प्रशासकीय अधिकृत

विबेक रणपाल परियार
प्रमुख प्रशासकीय अधिकृत